३३ औं वार्षिक आर्थिक विवरण (संक्षिप्त)

आर्थिक वर्ष २०८२/८३

मनाउँदै ३३ वर्षको उत्कृष्टता
१९९३-२०२६



RESPONSIBLE | RELIABLE | RESILIENT

SCAN TO VIEW OUR ABRIDGED ANNUAL REPORT

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
परिवर्तनशील नेपालको सर्वाधिक लोकप्रिय बैंक

संचालक समिति



श्री मुनीष कुमार चान्दना
अध्यक्ष
(एस.बी.आई. बाट मनोनित)



श्री रितेश सिन्हा
संचालक
(एस.बी.आई. बाट मनोनित)



श्री ध्रुव प्रसाद अधिकारी
संचालक
(कर्मचारी सञ्चय कोषबाट मनोनित)



श्री अप्सरा उप्रेती
संचालक
(सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित)



श्री सुबोध प्रसाद गौतम
स्वतन्त्र संचालक
(संचालक समितिबाट नियुक्त)



श्री राम कुमार तिवारी
प्रबन्ध संचालक तथा
प्रमुख कार्यकारी अधिकृत
(एस.बी.आई. बाट मनोनित)

बाह्य लेखापरीक्षक
पिकेएफ टि.आर. उपाध्याय एण्ड कं., चार्टर्ड एकाउण्टेण्ट्स

कम्पनी सचिव
श्री खगेश्वर भट्ट

नेपाल एसबिआई बैंक लि. को वि.सं. २०८३ मंसिर २९ गते मंगलबारका दिन हुने तेत्तीसौँ वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

प्रवेश-पत्र

शेयरधनीको नामः.....

शेयरधनी/ हितग्राही खाता नं.:..... शेयर संख्याः.....

शेयरधनीको दस्तखतः .....

....

बैंकको छाप प्रमाणित गर्ने कम्पनी सचिव

द्रष्टव्य :

१. शेयरधनी आफैँले खाली कोष्ठहरू भर्नुहोला।

२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र प्रस्तुत गर्नु अनिवार्य छ।

प्रोक्सी फाराम

श्री संचालक समिति
नेपाल एसबिआई बैंक लिमिटेड
कमलादी, काठमाडौँ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे।

महोदय,

..... जिल्ला ..... न.पा./गा.पा. वडा नं. ..... बस्ने म/हामी ..... ले त्यस कम्पनीको शेयरवालाको हैसियतले वि.सं. २०८३ मंसिर २९ गते मंगलबारका दिन हुने साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ..... जिल्ला ..... न.पा./गा.पा. वडा नं. .....बस्ने त्यस कम्पनीका शेयरधनी श्री .....लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं।

प्रोक्सी लिनेको

दस्तखत नमुना :.....

नामः .....

शेयरधनी/हितग्राही खाता नं.:.....

मिति : .....

मितिः .....

निवेदक

दस्तखतः .....

नामः .....

शेयरधनी/हितग्राही खाता नं.: .....

शेयर संख्याः.....

***द्रष्टव्यः** यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा १२० घण्टा अगावै बैंकको प्रधान कार्यालय, काठमाडौँ म.न.पा. वडा नं. २८, कमलादी, काठमाडौँ स्थित कम्पनी सचिवको कार्यालयमा पेश गरिसक्नु पर्नेछ। बैंकको नियमावली बमोजिम प्रतिनिधि नियुक्त गर्दा बैंककै शेयरधनी बाहेक अरुलाई गर्न पाइने छैन।*


नेपाल
NEPAL

नेपाल एसबिआई बैंक लिमिटेडका शेयरधनी महानुभावहरूलाई तेत्तीसौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

शेयरधनी महानुभावहरु,

यस बैंक संचालक समितिको मिति २०८३ कार्तिक २७ गते बसेको ५५२औँ बैठकको निर्णय बमोजिम यस बैंकको तेत्तीसौँ वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न प्रस्ताव उपर छलफल गर्न बस्ने भएकोले बैंकका शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति : २०८३ साल मंसिर २९ गते तदनुसार १५ डिसेम्बर २०२६, मंगलबार।
स्थान : त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौँ।
समय : बिहान ११ बजे।

बैंकको ३३औँ वार्षिक साधारण सभाको छलफलको विषयसूची :

क) सामान्य प्रस्ताव :

१. आ.व. २०८२/८३ का लागि संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदनसहितको आ.व. २०८२/८३ को वार्षिक आर्थिक विवरण (२०८३ आषाढ मसान्तको वासलात, आ.व. २०८२/८३ को नाफानोक्सान हिसाब र सोही अवधिको नगदप्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने।
३. यस बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लि." को आ.व. २०८२/८३ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण छलफल गरी स्वीकृत गर्ने।
४. संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५४,९७,५३,५३२.९५ बराबर (चुक्ता पुँजीमा ४.८५ प्रतिशतका दरले) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्ने प्रस्ताव पारित गर्ने।
५. बैंकको लेखापरीक्षण समितिले सिफारिस गरे अनुसार आ.व. २०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
६. स्वतन्त्र संचालक नियुक्तिको जानकारी सम्बन्धमा (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) बमोजिम)।
७. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

ख) विशेष प्रस्ताव:

१. बैंकको संचालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ३८,५३,९४,२२९.२९ बराबर (चुक्ता पुँजीमा ३.४० प्रतिशतका दरले) बोनस शेयर वितरण गर्ने प्रस्ताव पारित गर्ने।
२. विशेष प्रस्ताव नं. १ बमोजिम कम्पनीको जारी तथा चुक्ता पुँजीमा परिवर्तन गर्नुपर्ने भएका कारण तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालनाका लागि बैंकको प्रबन्धपत्रका विभिन्न दफामा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।
३. बैंकले आ.व. २०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम संचालन गर्न गरिएको खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(१)(ग) को प्रयोजनका लागि अनुमोदन गर्ने।
४. बैंकले अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्न आवश्यक सहमति र सम्झौता गर्ने लगायत बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने (मर्जर) वा प्राप्ति (एक्विजिसन) गर्ने/गराउने सम्बन्धमा प्रचलित नियम, कानून बमोजिम बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्ने/गराउने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने।
५. प्रबन्धपत्रका प्रस्तावित संशोधनहरुमा नियामक निकायहरुको निर्देशन बमोजिम परिमार्जन गर्न आवश्यक र उपयुक्त भएमा सो कार्यका लागि संचालक समितिलाई अधिकार प्रदान गर्ने।
६. विविध (अध्यक्षज्यूको अनुमतिमा)।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित नेपाल एसबिआई बैंक लि. को प्रबन्धपत्रमा संशोधनको तीन महले (तेत्तीसौँ वार्षिक साधारणसभामा प्रस्तावित)

दफा	हालको व्यवस्था	संशोधित व्यवस्था	संशोधनको कारण
५(१)(ख)	बैंकको जारी पूँजी रु. ११,३३,५१,२४,३९०.७२ (एघार अर्ब तेत्तीस करोड एकाउन्न लाख चौबीस हजार तीन सय नब्बे दशमलब बहत्तर रुपैयाँ) हुनेछ। जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले ११,३३,५१,२४३.९०७२ (एघार करोड तेत्तीस लाख एकाउन्न हजार दुई सय त्रिचालीस दशमलब नौ हजार बहत्तर) साधारण शेयरमा विभाजन गरिएको छ।	बैंकको जारी पूँजी रु. ११,७२,०५,१८,६२०.०१ (एघार अर्ब बहत्तर करोड पाँच लाख अठार हजार छ सय बीस रुपैयाँ एक पैसा) हुनेछ । जसलाई रु. १००/- (एक सय रुपैयाँ) का दरले ११,७२,०५,१८६.२००१ (एघार करोड बहत्तर लाख पाँच हजार एक सय छयासी दशमलब दुई हजार एक) साधारण शेयरमा विभाजन गरिएको छ।	बैंक संचालक समतिले प्रस्ताव गरे बमोजिम बोनश शेयर जारी गर्नका लागि जारी पूँजी बृद्धि गर्न।
५(१)(ग)	बैंकको चुक्ता पूँजी रु. ११,३३,५१,२४,३९०.७२ (एघार अर्ब तेत्तीस करोड एकाउन्न लाख चौबीस हजार तीन सय नब्बे दशमलब बहत्तर रुपैयाँ) हुनेछ।	बैंकको चुक्ता पूँजी रु. ११,७२,०५,१८,६२०.०१ (एघार अर्ब बहत्तर करोड पाँच लाख अठार हजार छ सय बीस रुपैयाँ एक पैसा) हुनेछ।	बैंक संचालक समतिले प्रस्ताव गरे बमोजिम बोनश शेयर जारी गर्नका बमोजिम चुक्ता पूँजी बृद्धि गर्न।
७ (घ)	कुनै पनि व्यक्तिले कम्पनीको कुल चुक्ता पूँजीको ०.५० प्रतिशतभन्दा बढी र १० शेयरभन्दा घटी शेयर लिन पाउनेछैनन्। तर, यो बन्देज हकप्रद शेयर र बोनस शेयरको हकमा लागु हुनेछैन। अधिकतम शेयर धारणसम्बन्धी बन्देज भने संस्थापकहरूको हकमा लागु हुनेछैन।	कुनै पनि व्यक्तिले कम्पनीको कुल चुक्ता पूँजीको ०.९९ प्रतिशतभन्दा बढी र १० शेयरभन्दा घटी शेयर लिन पाउनेछैनन्। तर, यो बन्देज हकप्रद शेयर र बोनस शेयरको हकमा लागू हुनेछैन। अधिकतम शेयर धारणसम्बन्धी बन्देज भने संस्थापकहरूको हकमा लागू हुनेछैन।	सर्वसाधारण शेयरधनीहरुले धारण गर्न पाउने साधारण शेयरको सीमा वृद्धि गर्न।

तेत्तीसौँ साधारण सभा समक्ष प्रस्तुत संचालक समितिको प्रतिवेदन

१. विश्व आर्थिक परिदृष्य

गत वर्ष भरि विश्व अर्थतन्त्रले निरन्तर भूराजनीतिक तनावहरू, परिवर्तनशील नीतिगत मिश्रण तथा विकसित हुँदै गएका प्रविधिगत उपलब्धिहरुबाट सिर्जित जटिल परिस्थितिहरूको सामना गर्दै आएको छ। यद्यपी ऐतिहासिक औसतको तुलनामा आर्थिक वृद्धि न्यून रहेतापनि, यसले तीव्र गिरावटको अनुमानहरूलाई चुनौती दिँदै स्थिर रहन सक्षम रहेको छ। अन्तर्राष्ट्रिय मुद्रा कोषको पछिल्लो प्रक्षेपण अनुसार विश्वव्यापी कुल गार्हस्थ्य उत्पादन सन् २०२६ मा ३ प्रतिशत रहने अनुमान गरिएको छ। उच्च प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको व्यापक अवलम्बनले यस आर्थिक स्थायित्वलाई समर्थन गरेको छ जसले उच्च ब्याजदर र वस्तु बजारमा हुने उतार चढावका कारण समग्र अर्थतन्त्रमा पर्ने प्रभावलाई कम गर्न मद्दत गरेको छ।

यद्यपी समष्टिगत आर्थिक परिदृश्यले नियमित रूपमा यस्ता संरचनागत कमजोरीहरूलाई प्रतिविम्बित गरेको हुँदा निरन्तर रणनीतिक सतर्कता आवश्यक छ। प्रमुख आर्थिक महशक्तिहरू बीचको व्यापार नीतिसम्बन्धी अनिश्चितता र पुनः चर्किएको संरक्षणवादी तनावले अन्तरदेशीय आपूर्ति श्रृङ्खलाहरूमा थप अस्थिरता सिर्जना गरेको छ। यसै गरी, विकसित तथा विकासोन्मुख राष्ट्रहरूमा सार्वजनिक ऋणको भार उच्च रहेको छ, जसले वित्तीय नीति सम्बन्धी लचकतालाई गम्भीररूपमा सीमित गरेको छ। केन्द्रीय बैंकहरुले मुद्रास्फीति नियन्त्रण र आर्थिक वृद्धिलाई सन्तुलनमा राख्दै मौद्रिक सहजताको चक्रहरूलाई सावधानीपूर्वक अघि बढाइरहेका बेला सरकारहरुमाथी वित्तीय संयोजन अवलम्बन गर्नुपर्ने दवाब बढेको छ। साथै, व्यावसायिक घरजग्गा क्षेत्रमा भइरहेको समायोजन र कर्जा प्रवाहमा आएका कडाइले क्षेत्रीय बैंकिङ्ग प्रणालीमा निरन्तर प्रभाव पारिरहेका हुँदा वित्तीय क्षेत्रलाई नजिकबाट नियालिरहनु पर्ने अवस्था छ।

दीर्घकालीन परिदृश्यहरूको लागि संरचनात्मक रुपान्तरण अझै पनि अग्र एवं केन्द्रमा रहेको छ। कृत्रिम बुद्धिमत्ता तथा डिजिटल प्रविधिहरूको तीव्र विस्तारले उत्पादकत्वमा उल्लेखनीय वृद्धि ल्याइरहेको छ, विशेष गरी उच्च प्रविधिजन्य वस्तुको निर्यात लगायतको रूपान्तरणले प्रविधिमाथिको अत्यधिक निर्भरता, श्रम बजारमा आउने परिवर्तन तथा आर्थिक लाभको असमान वितरणजस्ता पृथक जोखिमहरूको पनि सिर्जना गर्दछ। फलस्वरूप, उदीयमान बजार तथा विकासशील अर्थतन्त्रहरूले प्राविधिक सम्भावनालाई दिगो रोजगारी सिर्जनामा परिणत गर्न मानव पुँजी, डिजिटल पूर्वाधार र व्यवसायमैत्री नियमनमा उल्लेखनीय लगानी गर्नुपर्ने आवश्यकता बढ्दै गएको छ। संस्थागत नेतृत्वका लागि यस रूपान्तरणलाई सफलतापूर्वक अघि बढाउन डिजिटल प्रविधिको तीव्र रुपान्तरण, सुदृढ साइबर सुरक्षा व्यवस्था तथा जनशक्तीको सीप अभिवृद्धि/पुनःप्रशिक्षण सम्बन्धी पहलबीच सन्तुलन कायम गर्न आवश्यक छ।

विश्वव्यापी प्रतिकूल परिस्थितिका बाबजुद एसिया तथा प्रशान्त क्षेत्रका अर्थतन्त्रहरूले उल्लेखनीय लचिलोपना प्रदर्शन गर्दै आएका छन्। विश्व बैंकको पछिल्लो क्षेत्रीय आर्थिक अद्यावधिक प्रतिवेदन अनुसार, उच्च प्रविधिमा आधारित उत्पादन तथा कृत्रिम बुद्धिमतासम्बन्धी हार्डवेयर र निर्यातमा विश्वव्यापी रूपमा आएको तीव्र वृद्धिबाट पूर्वी एसिया तथा प्रशान्त क्षेत्रले उल्लेखनीय लाभ प्राप्त गरिरहेको हुँदा, सन् २०२६ मा पूर्वी एसिया तथा प्रशान्त क्षेत्रको आर्थिक वृद्धिदर करिब ४.४० प्रतिशत रहने प्रक्षेपण गरिएको छ। तथापि, यस क्षेत्रले घरेलु आर्थिक पुनरुत्थानमा असमानताको सामना गरिरहेको छ, विशेषगरी चीनको घरजग्गा क्षेत्रमा भइरहेको संरचनात्मक समायोजनलाई दक्षिणपूर्वी एसियालीका उदीयमान बजारहरूमा रहेको बलियो आन्तरिक उपभोग र गहिरो आपूर्ति श्रृंखला एकीकरणले सन्तुलनमा राखेका छन्। यी परिवर्तनका बाबजुद उक्त क्षेत्र बाह्य वस्तु बजारका उतारचढाव तथा निरन्तर जलवायुजन्य जोखिमहरुको प्रभावमा रहँदै आएको छ जसले कृषि उत्पादन तथा आपूर्ति श्रृंखलाको पूर्वानुमानयोग्यतालाई चुनौती दिइरहेको छ।

यी समष्टिगत आर्थिक यथार्थहरूलाई सम्बोधन गर्न, अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक दुवैले सरकार तथा केन्द्रीय बैंकहरूका लागि अनुशासित वित्तीय संयोजनमार्फत वित्तीय सुरक्षा कोष पुनर्निर्माण तथा मुद्रास्फीति नियन्त्रण तथा आर्थिक वृद्धिलाई टेवा दिने उद्देश्यबीच साधानीपूर्वक सन्तुलन कायम गर्दै लचिलो मौद्रिक नीति अवलम्बन गर्ने दुईवटा समानान्तर आवश्यकतामा जोड दिएका छन्। यसका साथै, विद्यमान प्राविधिक प्रगतिहरू र उच्च प्रविधिमा आधारित उत्पादन क्षेत्रको तीव्र विस्तारलाई दिगो तथा व्यापक रोजगारी सिर्जनामा सफलतापूर्वक रूपान्तरण गर्न नीतिनिर्माताहरूले मानव पुँजी, डिजिटल पूर्वाधार र सुदृढ सीमापार व्यापार सहकार्यमा उल्लेखनीय लगानीलाई प्राथमिकता दिनुपर्ने कुरामा दुवै संस्थाले जोड दिएका छन्।

(स्रोतः अन्तर्राष्ट्रिय मुद्रा कोष विश्व आर्थिक परिदृश्य जुलाई २०२६, एशिया र प्रशान्त क्षेत्रीय आर्थिक परिदृष्य, अक्टोबर २०२६)

२. नेपालको आर्थिक परिदृष्य

नेपालको अर्थतन्त्रको वृद्धि दर आ.व. २०८२/८३ मा ३.८५ प्रतिशत हुने अनुमान गरिएको छ, जुन अघिल्लो वर्षको संशोधित ४.४३ प्रतिशत वृद्धिदर भन्दा कम हो। यस आर्थिक वृद्धिदरमा आएको कमीका प्रमुख कारण आ.व. २०८२/८३ मा प्रतिकूल मौसमका कारण कृषि उत्पादनमा परेको असर तथा श्रमिकको अभाव र स्थानान्तरणलाई लिन सकिन्छ। तथापि, नेपालको यो आर्थिक वृद्धिदर विश्वको औसत वृद्धिदर तथा नेपालको पछिल्लो पाँच वर्षको औसत आर्थिक वृद्धिदरको हारहारीमा रहेको छ।

आर्थिक वर्ष २०८२/८३ को नेपालको आर्थिक परिदृश्यका प्रमुख झलक निम्नानुसार रहेको छ :

क. कुल गार्हस्थ्य उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा आधारभूत मूल्यमा ३.८० प्रतिशतले बढेको वास्तविक गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०८२/८३ मा ३.७० प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, आर्थिक वर्ष २०८१/८२ मा रहेको रु. ६१९,९८६.५० करोडको कुल गार्हस्थ्य उत्पादन आर्थिक वर्ष २०८२/८३ मा वृद्धि भई रु. ६६०,००९.९० करोड पुगेको छ।

ख. उपभोक्ता मुद्रास्फीति

२०८२ असार मसान्तमा २.२० प्रतिशत रहेको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति २०८३ असार मसान्तमा ५.१४ प्रतिशत कायम भएको छ। विन्दुगत उपभोक्ता मुद्रास्फीति बढ्नु को मुख्य कारण विश्वव्यापी तनावका बीच इन्धनको मूल्यमा भएको वृद्धिलाई लिन सकिन्छ। सो वृद्धि भए तापनि, अघिल्लो वर्ष ४.०८ प्रतिशत रहेको वार्षिक औसत उपभोक्ता मुद्रास्फीति आर्थिक वर्ष २०८२/८३ मा ३.०८ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ मा खाद्य तथा पेय पदार्थ समूहमा मुद्रास्फीति १.०४ प्रतिशत रह्यो भने गैर-खाद्य तथा सेवा समूहमा ४.२१ प्रतिशत रह्यो।

ग. विप्रेषण आप्रवाह

विप्रेषण आप्रवाह गत वर्ष १९.२० प्रतिशतले बढेकोमा आर्थिक वर्ष २०८२/८३ मा ३७.१० प्रतिशतले बढेर रु. २३६,३१३ करोड पुगेको छ। सो वृद्धि वैदेशिक रोजगारीका लागि विदेशिने नेपालीको संख्यामा भएको वृद्धि तथा नेपाली मुद्राको अवमूल्यनले प्रोत्साहित गरेको छ। अमेरिकी डलरमा, सो आप्रवाह आर्थिक वर्ष २०८२/८३ मा २८.१० प्रतिशतले बढेको हो जुन वृद्धि अघिल्लो वर्ष १६.३० प्रतिशत थियो । नेपालमा विप्रेषणको आप्रवाहमा भएको वृद्धिले बैंकिङ प्रणालीमा पर्याप्त तरलता सिर्जना गरेको छ।

घ. चालु खाता एवम् शोधनान्तर स्थिति

चालु खाता आर्थिक वर्ष २०८२/८३ मा रु. ९२,३५५.९३ करोडले बचतमा रहेको छ जुन आर्थिक वर्ष २०८१/८२ मा रु. ४०,९८३.६० करोडले बचतमा रहेका थियो । अमेरिकी डलरमा, समीक्षा वर्षको चालु खाता बचत ६,३२५.६० मिलियन हो भने २०८२ असार मसान्तमा चालु खाता बचत ३,०१०.४० मिलियन थियो।

आर्थिक वर्ष २०८१/८२ मा रु. ५९,४५३.९४ करोड बचतमा रहेको समग्र शोधनान्तर स्थिति आर्थिक वर्ष २०८२/८३ मा रु. १०२,७०४.२८ करोड बचतमा रह्यो।

ङ) विदेशी विनिमय सञ्चिति

२०८२ असार मसान्तमा रु. २६७,७६८.३७ करोड रहेको कुल विदेशी विनिमय सञ्चिति ४५.६० प्रतिशतले बढ्न गई २०८३ असार मसान्तमा रु. ३८९,७६७.०४ करोड पुगेको छ। अमेरिकी डलरमा, कुल विदेशी मुद्रा सञ्चिति २०८२ असार मसान्तको १९,५०२.४० मिलियनबाट २९.८० प्रतिशतले वृद्धि भई २०८३ असार मसान्तमा २५,३०६.३० मिलियन पुगेको छ।

च) वस्तु व्यापार

आर्थिक वर्ष २०८२/८३ मा १३.८० प्रतिशतले वृद्धि भई रु. ३१,५२९.०५ करोड पुगेको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिमा ८१.८० प्रतिशतले बढेको थियो । गन्तव्यका आधारमा भारततर्फको निर्यात १५.१० प्रतिशतले बढेको छ भने चीनतर्फको निर्यात २८.०० प्रतिशतले घटेको छ। त्यस्तै अन्य मुलुकतर्फको निर्यात १०.१० प्रतिशतले बढेको छ।

आर्थिक वर्ष २०८२/८३ मा १६.२० प्रतिशतले वृद्धि भई रु. २०९,६३७.९१ करोड पुगेको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिमा १३.३० प्रतिशतले बढेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट भएको आयात १३.०० प्रतिशतले बढेको छ भने चीनबाट भएको आयात १७.५० प्रतिशतले बढेको छ। त्यस्तै, अन्य मुलुकबाट भएको आयात १७.५० प्रतिशतले बढेको छ।

(स्रोत : नेपालको वर्तमान आर्थिक तथा वित्तीय अवस्था (नेपाल राष्ट्र बैंकद्वारा ई.सं. २६ अगष्ट २०२६ मा प्रकाशित आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्कमा आधारित))

३. वित्तीय क्षेत्र परिदृष्य

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको कुल संख्या २०८३ असार मसान्तमा १०५ रहेको छ। यसैगरी, प्रति शाखा जनसंख्या २,५७४ रहेको छ।

२०८३ असार मसान्तमा २० वाणिज्य बैंक, १७ विकास बैंक, १६ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक संचालनमा रहेका छन् । २०८२ असार मसान्तमा ११,५२६ रहेको बैंक तथा वित्तीय संस्थाहरुको शाखा संख्या २०८३ असार मसान्तमा ११,३३२ कायम भएको छ।

अघिल्लो वर्ष १२.६० प्रतिशतले वृद्धि भएको बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप आ.व. २०८२/८३ मा १३.९० प्रतिशतले बढेको छ।

बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह भएको कर्जा आर्थिक वर्ष २०८१/८२ मा ८.४० प्रतिशतले वृद्धि भएकोमा आर्थिक वर्ष २०८२/८३ मा ६.५० प्रतिशतले वृद्धि भएको छ। वाणिज्य बैंकहरुको कुल निक्षेप र कुल गार्हस्थ्य उत्पादनको अनुपात ११३.६६ प्रतिशत रहेको छ भने कुल कर्जा र कुल गार्हस्थ्य उत्पादनको अनुपात ८०.६० प्रतिशत रहेको छ।

(स्रोत : नेपालको वर्तमान आर्थिक तथा वित्तीय अवस्था (नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित आर्थिक वर्ष २०८२/८३ को वार्षिक तथ्याङ्क तथा असार मसान्तको मासिक तथ्याङ्क मा आधारित)

४. आर्थिक वर्ष २०८२/८३ को नेपाल एसबिआई बैंक लिमिटेडको कार्यसम्पादन समीक्षा

आर्थिक वर्ष २०८२/८३ को वित्तीय कार्यसम्पादन निम्न तालिकामा संक्षेपमा प्रस्तुत गरिएको छ।

४.१ वित्तीय अवस्था

(रु. करोडमा)

विवरण	आ.व.२०८१/८२	आ.व.२०८२/८३	वृद्धि वा (घटी) रकम	वृद्धि वा (घटी) प्रतिशत
चुक्ता पुँजी	१,०८९.९२	१,१३३.५१	४३.५९	४.००
रिजर्भ तथा सर्प्लस	९६६.४४	१,०७३.००	१०६.५६	११.०३
निक्षेप	१९,९५१.१८	२१,२७४.९४	१,३२३.७६	६.६३
कर्जा तथा सापटी (कर्मचारी कर्जा बाहेक)	१४,२८४.७९	१५,३१०.७६	१,०२५.९७	७.१८
लगानी तथा प्लेसमेन्ट	७,४६२.०८	७,८८६.०१	४२३.९३	५.६८
कुल सम्पत्ति	२३,२८१.८०	२४,८३४.८१	१,५५३.०१	६.६७
खुद ब्याज आम्दानी	५२६.६०	५३३.३४	६.७४	१.२८
संचालन मुनाफा	२७४.५२	२९०.९९	१६.४७	६.००
कर पछिको मुनाफा	१८१.१०	२०३.६५	२२.५५	१२.४५
सम्पत्तिमा प्रतिफल %	०.८२	०.८५		३.६६
इक्विटीमा प्रतिफल %	९.०५	९.५५		५.५२
निष्कृय कर्जा अनुपात %	३.३५	२.९३		(१२.५४)
प्रति शेयर आम्दानी (रु.)	१६.६२	१७.९७		८.१२

क) चुक्ता पुँजी

बैंकले आ.व. २०८१/८२ मा बोनस शेयर जारी गरेकाले बैंकको चुक्ता पुँजी २०८२ असार मसान्तमा कायम रु. १,०८९.९२ करोडबाट रु. ४३.५९ करोड (४.०० प्रतिशत) ले बढेर २०८३ असार मसान्तमा रु. १,१३३.५१ करोड पुगेको छ।

ख) रिजर्भ तथा सर्प्लस

२०८२ असार मसान्तमा कायम रु. ९६६.४४ करोडको रिजर्भ तथा सर्प्लस रकम चालु वर्षमा थप भएको मुनाफा समेत गरी रु. १०६.५६ करोडले बढेर २०८३ असार मसान्तमा रु. १,०७३.०० करोड पुगेको छ। आ.व. २०८२/८३ मा बैंकले रु. १,०८९.९२ करोडको पुँजीमा ५.०० प्रतिशत नगद लाभांश वितरण गरेको थियो।

ग) निक्षेप

आ.व. २०८२/८३ मा बैंकको निक्षेप गत वर्षको रु. १९,९५१.१८ करोडबाट ६.६३ प्रतिशतले वृद्धि भई रु. २१,२७४.९४ करोड पुगेको छ।

२०८३ असार मसान्तमा बैंकको बजार हिस्सा २.८७ प्रतिशत रहेको छ।

घ) कर्जा तथा सापटी (कर्मचारी कर्जा तथा सापटी बाहेक)

बजारमा देखिएका विभिन्न चुनौतिका बाबजुद बैंकले आ.व. २०८२/८३ मा कर्जा तथा सापटीमा रु. १,०२५.९७ करोड (७.१८ प्रतिशत) को वृद्धि हासिल गरेको छ। हाल, बैंकको बजार हिस्सा गत वर्षको २.९३ प्रतिशतको तुलनामा २०८३ असार मसान्तमा २.९५ प्रतिशत रहेको छ।

ङ) लगानी तथा प्लेसमेन्ट

आम्दानीका अवसरहरु उपयोग गर्न बैंकले विभिन्न पोर्टफोलियो जस्तै, ट्रेजरी बिल, बन्ड, शेयर, निक्षेप, इक्वीटी आदिमा लगानी गरेको छ। आ.व. २०८२/८३ मा लगानी तथा प्लेसमेन्ट गत वर्षको रु. ७,४६२.०८ करोडबाट ५.६८ प्रतिशतले वृद्धि भई रु. ७,८८६.०१ करोड पुगेको छ।

च) खुद ब्याज आम्दानी

खुद ब्याज आम्दानी आ.व. २०८१/८२ को रु. ५२६.६० करोडबाट १.२८ प्रतिशतले वृद्धि भई आ.व. २०८२/८३ मा रु. ५३३.३४ करोड पुगेको छ। आ.व. २०८२/८३ मा भएको वृद्धिमा धितोपत्र लगानी तथा प्लेसमेन्टबाट आर्जित ब्याज आम्दानीको योगदान रहको छ। साथै, आधार दर घटाई बजारमा प्रतिस्पर्धी हुन बैंकले गरेको पहलको परिणाम स्वरुप कर्जा तथा सापटीबाट हुने ब्याज आम्दानीमा असर परेको छ।

छ) संचालन मुनाफा र खुद नाफा

आ.व. २०८२/८३ मा बैंकको संचालन मुनाफा गत वर्षको रु. २७४.५२ करोडबाट ६.०० प्रतिशतले बढ्न गई रु. २९०.९९ करोड पुगेको छ।

त्यसैगरी, खुद नाफा रु. १८१.१० करोडबाट रु. २२.५५ करोडले वृद्धि भई रु. २०३.६५ करोड पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १२.४५ प्रतिशतको वृद्धि हो। बैंकले गैर-ब्याज आम्दानीका स्रोतहरूलाई विविधीकरण तथा अभिवृद्धि गर्न निरन्तर गरेको प्रयास र ब्याज आम्दानीलाई अनुकूल बनाएका कारण नाफामा सुधार आएको हो।

ज) सम्पत्तिमा प्रतिफल

निक्षेप परिचालनमार्फत कर्जा विस्तार तथा वासलातको आकार बढाउने अवसर सीमित रहे तापनि बैंकले लागत संरचनालाई अनुकूल बनाउने, सञ्चालन दक्षता अभिवृद्धि गर्ने तथा गैर-ब्याज आम्दानीका स्रोतहरूलाई विविधीकरण गर्ने कार्यमा निरन्तर ध्यान केन्द्रित गऱ्यो। यी पहलहरूले आ.व. २०८२/८३ मा बैंकको नाफामा सुधार ल्याउनुका साथै प्रतिफलसम्बन्धी सूचकहरूलाई थप सुदृढ बनाउन योगदान पुऱ्याएको छ। तसर्थ, आ.व. २०८२/८३ मा बैंकको सम्पत्तिमा ६.६७ प्रतिशतको वृद्धि भएतापनि सम्पत्ति प्रतिफल २०८२ असार मसान्तमा कायम ०.८२ प्रतिशत बाट बढेर २०८३ असार मसान्तमा ०.८५ प्रतिशत कायम भयो।

झ) इक्विटीमा प्रतिफल

यस वर्षको नाफा संचितिका कारणले बैंकको इक्विटीमा गत वर्षको तुलनामा ५.५२ प्रतिशतले वृद्धि भएको छ। सो वृद्धि भएतापनि माथि उल्लेख गरिएका पहलकदमीका कारण बैंकको इक्विटीमा प्रतिफल २०८२ असार मसान्तमा कायम ९.०५ प्रतिशतबाट बढ्न गई २०८३ असार मसान्तमा ९.५५ प्रतिशत कायम भएको छ।

ञ) प्रति शेयर आम्दानी

आ.व. २०८१/८२ मा कायम रु. १६.६२ प्रति शेयर आम्दानी आ.व. २०८२/८३ मा बढेर रु. १७.९७ पुगेको छ। अघिल्लो आर्थिक वर्षमा ४.०० प्रतिशतको बोनस शेयर जारी गरेपश्चात् बैंकको चुक्ता पुँजीमा वृद्धि भए तापनि, यस सुधारको प्रमुख कारण बैंकको खुद नाफामा भएको वृद्धि हो।

(ट) कुल निष्कृय कर्जा

बैंकिङ्ग क्षेत्रमा कुल निष्कृय कर्जा २०८२ असार मसान्तको ४.४४ प्रतिशतबाट वृद्धि भई २०८३ असार मसान्तमा ५.५६ प्रतिशत पुगेको छ। समग्र बैंकिङ क्षेत्रमा वृद्धि हुने प्रवृत्ति देखिए तापनि, बैंकले निरन्तर कर्जा असुली प्रयासका माध्यमबाट आफ्नो कुल निष्कृय कर्जा २०८२ असार मसान्तमा कायम ३.३५ प्रतिशतबाट घटाएर २०८३ असार मसान्तमा २.९३ प्रतिशत कायम गर्न सफल भएको छ। सम्पूर्ण वाणिज्य बैंकहरुमध्ये नेपाल एसबिआई बैंक लि.को कुल निष्कृय कर्जा प्रतिशतको आधारमा चौथो स्थानमा रहेको छ। बैंकले निष्कृय कर्जाको समयमै असुलीका लागि निरन्तर अनुगमन र सम्वाद गरिरहेको छ।

५. मूल व्यवसायको समीक्षा

५.१ कर्पोरेट कर्जा लगानी

आर्थिक वर्ष २०८२/८३ मा बैंकको कर्पोरेट कर्जा तथा सापटी २०८२ असार मसान्तको रु. ९,५३९.०२ करोडबाट वृद्धि भई २०८३ असार मसान्तमा रु. ९,५५४.५८ करोड पुगेको छ। बैंकको कुल कर्जामा कर्पोरेट कर्जाको हिस्सा आषाढ मसान्त २०८२ मा कायम रहेको ६६.७८ प्रतिशत बाट घटेर आषाढ मसान्त २०८३ मा ६२.४० प्रतिशत रहेको छ। यसले, बैंकको कर्जा पोर्टफोलियोमा विविधीकरण ल्याउन, समग्र कर्जा प्रतिफलमा सुधार गर्न तथा नाफा अभिवृद्धि गर्न रिटेल कर्जाको विस्तार गर्ने बैंकको रणनीतिलाइ दर्शाउँछ।

५.२ रिटेल कर्जा लगानी

रिटेल कर्जा तथा सापटीलाई बैंकको एक रणनीतिक व्यावसायिक क्षेत्रका रूपमा पहिचान गरिएको छ, जसमा रिटेल कर्जा पोर्टफोलियोको विस्तार तथा दिगो र विविधतायुक्त कर्जा वृद्धिलाई प्रवर्द्धन गर्ने कुरामा जोड दिइएको छ। आर्थिक वर्ष २०८२/८३ मा रिटेल कर्जा तथा सापटी रु. १,०१०.४१ करोड (२१.२९ प्रतिशत) ले वृद्धि भई रु. ५,७५६.१८ करोड पुगेको छ। बैंकले रिटेल कर्जा तथा सापटीमा वृद्धिका लागि नयाँ प्रोडक्टको सुरुवात, विद्यमान प्रोडक्टलाई परिमार्जन गर्नुका साथै रिटेल कर्जा परिचालन अभियानहरु संचालन गरेको छ। बैंकको कुल कर्जामा रिटेल कजाको हिस्सा असार मसान्त २०८२ मा कायम रहेको ३३.२२ प्रतिशत बाट बढेर असार मसान्त २०८३ मा ३७.६० प्रतिशत रहेको छ।

५.३ विपन्न वर्ग कर्जा लगानी

विपन्न वर्गमा प्रवाह भएको कुल कर्जा २०८३ असार मसान्तमा रु. ७३९.०४ करोड पुगेको छ, जुन बैंकको योग्य लगानीसमेत जोड्दा छ महिना अघि (अर्थात् २०८२ पौष मसान्त) को कुल कर्जा तथा सापटीको ५.०० प्रतिशत रहेको छ र उक्त कर्जा प्रवाह नियामकीय प्रावधानमा निर्दिष्ट गरिएको न्यूनतम सीमा भित्र रहेको छ।

५.४ तोकिएका क्षेत्रमा कर्जा लगानी

नेपाल राष्ट्र बैंकले तोकिएका क्षेत्रमा गरिने कर्जा लगानीसम्बन्धी निर्देशिकामा संशोधन गरेको छ, जसअनुसार, २०८३ पुस मसान्त देखि लागू हुने गरी, कुल कर्जा तथा सापटीको कम्तीमा १० प्रतिशत कृषि क्षेत्रमा र कम्तीमा २० प्रतिशत पर्यटन, साना तथा मझौला उद्यम, ऊर्जा, सूचना तथा सञ्चार प्रविधि तथा स्वदेशी कच्चा पदार्थमा आधारित निर्यातमुखी उद्योगहरूमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ। न्यूनतम आवश्यकताको गणना छ महिना अघिको कुल कर्जा तथा सापटीको आधारमा गरिन्छ। यसका साथै, नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई कृषि क्षेत्रमा तोकिएको न्यूनतम १० प्रतिशतको सीमाभन्दा बढी कर्जा प्रवाह गरेमा, सो अतिरिक्त कर्जालाई तोकिएका क्षेत्रहरूका लागि आवश्यक २० प्रतिशत कर्जा सीमामा गणना गर्न अनुमति दिएको छ। बैंकले २०८३ असार मसान्तसम्ममा, कृषि तथा अन्य निर्देशित क्षेत्रहरूमा

क्रमशः रु ३,०६५.२६ करोड रुपैयाँ र रु ३,०१९.९६ करोड कर्जा प्रवाह गरेको छ, जुन बैंकको कुल कर्जा लगानीको क्रमशः २०.०२% र १९.६९% हुन आउँछ।

५.५ कर्जा प्रशासन

कर्जा जोखिम न्यूनीकरणको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै बैंकको कर्जा प्रशासन विभाग र कर्जा विभाग कर्जा विश्लेषण, अनुगमन र व्यवस्थापनका प्रक्रियामा उत्कृष्ट कायम गर्न प्रतिबद्ध छन्। बैंकले कर्जाको उच्च गुणस्तर सुनिश्चित गर्न मजबुत कर्जा मूल्याङ्कन प्रणाली अपनाएको छ। बैंकले निष्कृय कर्जा नियन्त्रणका लागि निवारक व्यवस्थापन र सुधारात्मक व्यवस्थापनका दुवै रणनीतिहरु अवलम्बन गर्दै सम्भावित तथा विद्यमान निष्कृय कर्जा तर्फ केन्द्रित निगरानी गरेको छ। यसका साथै, बैंकको Stressed Assets Resolution विभागले चाप परेका कर्जा सम्पत्तिहरुको प्रभावकारी व्यवस्थापनका र समाधानको लागि विशेष निगरानी गर्दछ।

५.६ निक्षेप

आर्थिक वर्ष २०८२/८३ मा बैंकको निक्षेप गत वर्षको रु. १९,९५१.१८ करोडबाट ६.६४ प्रतिशत वृद्धि भई रु. २१,२७४.९४ करोड पुगेको छ।

आर्थिक वर्ष २०८२/८३ मा निक्षेपको ब्याजदर पुनर्निर्धारण गर्ने रणनीति अपनाएपछि, न्यून लागतका निक्षेपहरु अर्थात् चल्ती, बचत तथा कल निक्षेप रु. २,३१०.४८ करोडले वृद्धि भई रु. ११,३०९.२० करोड पुगेको छ। साथै, मुद्दति निक्षेप रु. ९८६.७१ करोडले घटेर रु. ९,९६५.७३ करोड पुगेको छ। यस वर्ष बैंकले ८५,०६६ (खुद) नयाँ बचत खाता तथा ८,८४२ (खुद) नयाँ चल्ती खाता खोलेको मा गत वर्ष ८४,५६९ (खुद) नयाँ बचत खाता तथा ६,०९४ (खुद) नयाँ चल्ती खाता खोलिएको थियो।

५.७ कोष संचालन

कोष संचालनले बजारका बारेमा जानकारी प्राप्त गर्न, मध्यस्थताका अवसरहरुबाट लाभ प्राप्त गर्न तथा कोष व्यवस्थापनका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यसले अपेक्षित जोखिम समायोजित प्रतिफल प्राप्त गर्नका लागि कोषको परिचालन गर्दछ। कोषको लगानी अन्तर्गत अन्य बैंक तथा वित्तीय संस्थामा गरिने प्लेसमेन्ट, सरकारी सुरक्षण तथा सार्वजनिक रुपमा कारोबार हुने इक्विटीमा गरिने लगानी तथा रणनीतिक लगानीलाई जनाउँदछ। साथै, यसले ग्राहकको विदेशी विनिमयको आवश्यकता पूरा गर्न विभिन्न प्रोडक्ट तथा सेवा उपलब्ध गराउँदछ। कोष व्यवस्थापनले सक्रियता पूर्वक सम्पत्ति तथा दायित्व व्यवस्थापन समिति अन्तर्गत रही वासलातको व्यवस्थापन गर्ने तथा बचत कोषलाई नाफामुलक तवरले उपयोग गर्ने कार्य गरेको छ। यस बाहेक, कोष संचालनले अन्तर बैंक कोष प्लेसमेन्ट मार्फत पर्याप्त ब्याज आम्दानी सुनिश्चित गर्नुका साथै विदेशी विनिमयको खुद अवस्था (Net Open Position) लाई समेत उचित व्यवस्थापन गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा बैंकले कोष संचालनबाट रु. ४०६ करोड आम्दानी गर्न सफल भएको छ।

५.८ पुँजी पर्याप्तता

आर्थिक वर्ष २०८२/८३ मा बैंकको टायर १ (Tier 1) र टायर २ (Tier 2) पुँजी पर्याप्तता अनुपात क्रमशः ९.४२ प्रतिशत र ४.३७ प्रतिशत तथा समग्र पुँजी पर्याप्तता अनुपात १३.७९ प्रतिशत रहेको छ। बैंकको पुँजी चालु वर्षको अनुमानित व्यवसाय वृद्धिका लागि पर्याप्त रहेको तथा नेपाल राष्ट्र बैंकले लागु गरेको पुँजी पर्याप्तता सम्बन्धी बासल ३ (Basel III) प्रावधान बमोजिम आ.व. २०८२/८३ का लागि तोकेको ११ प्रतिशतको पुँजी पर्याप्तता अनुपातभन्दा बढी रहेको छ। एस.बी.आई. समूहको Internal Capital Adequacy Assessment Process (ICAAP) नीति बमोजिम बैंकको ICAAP नीतिले पुँजी पर्याप्तता अनुपात १२ प्रतिशत तोकेको छ।

बैंकले १४ जुलाई २०२५ मा रु. ३०० करोडको ७ प्रतिशत एनएसबिएल डिबेन्चर जारी गरेको थियो र त्यसमा ४.१८ गुणाले आवेदन संकलन भएकोमा २३ जुलाई २०२५ मा योग्य आवेदकलाई बाँडफाँड गरिएको थियो। बैंकले पुरक पुँजी अन्तर्गत जारी गरेको डिबेन्चर नियामकीय प्रावधान बमोजिम कायम गर्नुपर्ने पुँजी पर्याप्तता अनुपात उपर थप सहजता प्रदान गरेको छ।

५.९ ऋण उपकरणहरु

डिबेन्चर

२०८३ असार मसान्तमा बैंकको कुल डिबेन्चर रु. ८८५.३७ करोड रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०८२/८३ मा बैंकले पुरक पुँजी अन्तर्गत रु. ३०० करोडको डिबेन्चर जारी गरेको छ, जसले नियामकीय प्रावधान बमोजिम कायम गर्नुपर्ने पुँजी पर्याप्तता अनुपात उपर थप सहजता प्रदान गर्नुका साथै बैंकको कर्जा व्यवसाय वृद्धिमा सहायता गरेको छ।

२०८३ असार मसान्तमा कुल ऋण पुँजी मध्ये रु. ६४५.२२ करोड पुँजी पर्याप्ततामा लागि पुरक पुँजीको रूपमा र रु. २४०.१५ करोड कर्जा निक्षेप अनुपातको गणनाको लागि स्रोत परिचालनको रूपमा वर्गीकरण गरिएको छ।

६. संस्थागत सुशासन

नेपाल एसबिआई बैंक लिमिटेडको संस्थागत सुशासनले निष्पक्षता, पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वलाई उच्च प्राथमिकतामा राखेको छ। संस्थागत सुशासनका सम्बन्धमा विस्तृत विवरण वार्षिक प्रतिवेदनमा छुट्टै प्रस्तुत गरिएको छ।

७. जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण

अनुमानयोग्य मूलभूत जोखिम तत्व

बैंकमा आकस्मिक जोखिम पहिचान, मूल्याङ्कन र व्यवस्थापनका लागि नियमित जोखिम व्यवस्थापन प्रकिया रहेको छ। सो प्रक्रियाका सम्बन्धमा विस्तृत विवरण वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। बैंक संचालक समितिले नियमित रुपमा यस प्रक्रियाको समीक्षा गर्ने गर्दछ।

आन्तरिक नियन्त्रण

बैंकको दैनिक संचालनमा आन्तरिक नियन्त्रण महत्वपूर्ण हुन्छ र यसले आफ्नो व्यवसायिक उद्देश्य प्राप्तिका लागि मद्दत गर्दछ । यसर्थ, बैंकले सामना गर्ने जोखिमको पहिचान, अभिलेख, मूल्याङ्कन र व्यवस्थापनका लागि संचालक समितिले आन्तरिक नियन्त्रणको प्रभावकारी र बृहत् प्रणाली स्थापना गर्न उचित कदम चालेको छ । संचालक समितिले बैंकमा दक्षता, प्रभावकारिता, विश्वसनीयता, समयबद्धता, पूर्णता कायम गर्दै प्रचलित कानून तथा नियमहरुको अनुपालनाका लागि प्रभावकारी एवं बृहत आन्तरिक नियन्त्रण प्रणाली संस्थागत गर्ने आफ्नो समग्र जिम्मेवारी मनन गर्दछ । संचालक समितिले व्यवसायको प्रभावकारी संचालन गर्दै दिगो वृद्धि हासिल गर्न आवश्यक प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली संस्थापनार्थ बैंकका नीति र व्यवसायका विविध पक्षहरुको सुपरिवेक्षण गर्ने गरेको छ । संचालक समिति र नियामकीय प्रावधान बमोजिम गठित समितिहरुले यसको नियमित रुपमा समीक्षा गर्दै आएका छन् । बैंकको संचालन गतिविधिहरु व्यवस्थित गर्न, सम्पत्तिको सुरक्षण गर्न, ठगी र अन्य अनियमितताको पहिचान र नियन्त्रण गर्न तथा अभिलेख विश्वसनीय एवं दुरुस्त तवरले यथाशक्य सुरक्षित राख्न बैंकले अपनाएका आन्तरिक समीक्षा, आन्तरिक लेखापरीक्षण लगायत बैंकको समग्र वित्तीय एवं अन्य नियन्त्रण प्रणाली यस अन्तर्गत रहेका छन् ।

निरीक्षण तथा लेखापरीक्षण

गैर कार्यकारी संचालकको मातहतमा रहेको बैंकको लेखापरीक्षण समितिले बैंकको वित्तीय अवस्था, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको समीक्षा गर्नुका साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावका आधारमा आवश्यक मार्गदर्शन प्रदान गर्दै संचालक समितिलाई उपयुक्त पृष्ठपोषण उपलब्ध गराउँदछ । लेखापरीक्षण समितिले समय समयमा आफ्नो नीतिको पुनरावलोकन गर्दछ र थप सुधारको आवश्यकता, नियन्त्रणको अवस्था एवं प्रचलित नीति, नियम तथा निर्देशनहरुको पालनाका सम्बन्धमा संचालनसंग सम्बन्धित पक्षलाई निर्देशन दिने तथा मार्गदर्शन प्रदान गर्ने गर्दछ ।

बैंकमा प्रबन्धक तहका कर्मचारीको मातहतमा योग्य कर्मचारीहरु रहेको स्वतन्त्र आन्तरिक लेखापरीक्षण विभाग रहेको छ र सो विभाग बैंकभित्र स्वतन्त्र एवं अधिकारसम्पन्न छ। आन्तरिक लेखापरीक्षण विभाग लेखापरीक्षण समितिको मार्गनिर्देशन एवं सुपरीवेक्षणमा रही काम गर्दछ । आन्तरिक लेखापरीक्षण विभागले आफ्नो विभागको लेखापरीक्षण कार्यक्रम मार्फत बैंकका नीति/मापदण्डको अनुपालनाको स्थिति तथा आन्तरिक नियन्त्रण संरचनाको प्रभावकारिताको अनुगमन गर्दछ । आन्तरिक लेखापरीक्षण जोखिममा आधारित पद्धतिद्वारा पहिचान गरिएका अधिक जोखिम रहने क्षेत्रमा बढी केन्द्रित रहन्छ ।

बैंकले सन् २०१३ देखि नै जोखिम केन्द्रित आन्तरिक लेखापरीक्षण (Risk Focused Internal Audit) प्रणाली अङ्गीकार गरी कार्यान्वयन गर्दै आएको छ र यस अन्तर्गत निरन्तर लेखापरीक्षण, अनुपालना लेखापरीक्षण लगायतका १३ भिन्न प्रकारका लेखापरीक्षणहरु पर्दछन । व्यवसाय संचालनसँग सम्बद्ध इकाईहरुको स्वयम् लेखापरीक्षण कार्यक्रम समेत लागु भएको छ जसमा शाखा कार्यालयहरुले आफ्नो शाखा कार्यालयको स्वयम् लेखापरीक्षण गर्ने भएकाले प्रादेशिक कार्यालयका प्रमुख तथा व्यवस्थापनलाई व्यवसायिक इकाईहरुको कार्य संचालनसँग सम्बद्ध गुणात्मक मापदण्डहरुको प्रभावकारी सुपरिवेक्षणका लागि उच्चतम अन्तर्दृष्टि एवं नियन्त्रणका उपायहरु प्रदान गर्ने गरेको छ । आवश्यकता अनुसार, बैंकको आन्तरिक लेखापरीक्षण कार्य नियमित रूपमा अद्यावधिक गरिएको छ ।

बैंकले सूचना प्रणालीसँग सम्बन्धित जोखिम मूल्यांकन गर्नका लागि सूचना प्रणालीको लेखापरीक्षणलाई समेत लेखापरीक्षण कार्यक्रममा समावेश गरेको छ ।

अनुपालना जोखिम व्यवस्थापन

नेपाल एसबिआई बैंकले बाह्य र आन्तरिक नियामकीय नीतिहरू/ मार्गदर्शन र नियमहरूलाई उच्च महत्व दिने गरेको छ । कुनै पनि निर्णय लिनको लागि अनुपालना उच्च प्राथमिकतामा हुनुपर्ने कुरा बैंकका सबै कर्मचारीहरुलाई सूचित गरिएको छ । सम्पूर्ण कर्मचारीहरु माझ सचेतना अभिवृद्धि गरी बैंक संचालनका हरेक पक्षहरुमा अनुपालना संस्कृतिको स्थापना र सुधार गर्न बैंकले सदैव ध्यान केन्द्रित गरेको छ । प्रतिष्ठामा हुन सक्ने सम्भावित क्षतिबाट बैंकलाई सुरक्षित राख्न समेत बैंकले अनुपालनालाई प्राथमिकता दिएको छ । बैंक संचालनको क्रममा बैंकको अनुपालना विभागले सम्बद्ध कानूनहरु, नियामकीय निर्देशनहरु/परिपत्रहरु/ मार्गदर्शनहरु तथा आन्तरिक नीतिहरु र कार्यविधिहरुको यथा समयमै उचित अनुपालना (आन्तरिक एवं नियामकीय दुवै) सुनिश्चित गर्ने गरेको छ । नियामकीय प्रावधानहरुमा भएका परिवर्तनहरु उपर नजर राख्दै समयमै अनुपालना सुनिश्चित गर्ने भूमिका समेत विभागलाई सुम्पिएको छ । सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी क्षेत्रमा थप ध्यान केन्द्रित गर्न बैंकमा छुट्टै AML/CFT विभाग रहेको छ ।

८. आचार संहिता एवं व्यवसायिक आचरण

बैंकको दैनिक क्रियाकलापहरु निर्विघ्न रुपमा नैतिक तवरले संचालनको लागि बैंकले आफ्नै आचार संहिता बनाई लागु गरेको छ जुन सम्पूर्ण संचालक, बैंक व्यवस्थापनका सदस्यहरु तथा प्रत्येक तहका सम्पूर्ण कर्मचारीहरुले पूर्णरुपमा पालना गर्नुपर्दछ । बैंकले आफ्नै आचार संहिता बनाई लागु गर्नुको मूलभूत आशय नैतिकतालाई अझ सुदृढ तथा एकीकृत रुपमा स्पष्ट तथा संरचनात्मक तवरले बैंक संचालन संरचनाका पहलुहरुमा समाहित गर्ने रहेको छ । उक्त आचार संहिताले बैंकको दृष्टिकोण अनुसार सामुहिक क्रियाशीलता मार्फत बैंकलाई अघि बढाउनका लागि कर्मचारीहरुलाई व्यवहारिक मार्गदर्शन तथा नैतिक दिशासूचक प्रदान गर्दछ । बैंकले लागु गरेको आचार संहिता सुशासन ऐनको भावना अनुरुप रहेको छ तथा यसले नेपाल राष्ट्र बैंकले संस्थागत सुशासन कायम राख्न बैंकहरुलाई जारी गरेको मार्गदर्शनको पूर्ण रुपले अनुपालना गरेको छ । बैंकका सम्पूर्ण संचालकहरुले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम आचार संहिताको पालना गरेका छन् । साथै, विश्व नैतिकता दिवसमा सबै कर्मचारीहरूलाई नैतिक आचरण र निष्ठाको उच्चतम मापदण्डहरूप्रतिको आफ्नो प्रतिबद्धतालाई पुनः पुष्टि गर्ने प्रतिज्ञा गराउँदछ ।

९. बैंकको क्रेडिट रेटिङ्ग

कुनै संस्थाको दायित्व चुक्ता गर्ने क्षमता वा दायित्व विमुख नहुने सम्भावनाको मूल्याङ्कन नै क्रेडिट रेटिङ्ग हो । यस्तो मूल्याङ्कन स्वतन्त्र रेटिङ्ग एजेन्सीद्वारा गरिन्छ । त्यसैगरी नेपाल राष्ट्र बैंकको प्रावधान बमोजिम बैंकहरुले वार्षिक रुपमा आफ्नो क्रेडिट रेटिङ्ग गराउनुपर्ने व्यवस्था रहेको छ । सो सम्बन्धमा, इक्रा नेपाल लिमिटेडले नेपाल एसबिआई बैंक लिमिटेडलाई प्रदान गरेको रेटिङ्ग "[ICRANP-IR] AA" (pronounced ICRA NP Issuer Rating Double A) लाई अक्टोबर २०२५ मा पुनर्पुष्टि गरेको छ । नेपाल एसबिआई बैंकलाई यो समेत लगातार १०औँ पटक डबल ए रेटिङ्ग गरिएको हो । इक्रा नेपाल लिमिटेडले प्रदान गरेको उक्त "[ICRANP-IR] AA" रेटिङ्गलाई उच्च कर्जा गुणस्तर रेटिङ्ग मानिन्छ र उक्त रेटिङ्ग प्राप्त संस्थामा कर्जा जोखिम न्यून रहेको हुन्छ ।

साथै, बैंकले मे २०२६ मा केयर रेटिङ्गस् नेपाल लिमिटेडबाट इस्युअर रेटिङ्ग (Issuer Rating) गराएको थियो । उक्त रेटिङ्ग एजेन्सीले बैंकलाई लगातार तेस्रो पटक समेत "CARE–NP AAA (Is) (pronounced Triple A Issuer Rating) प्रदान गरेको छ । नेपालको कुनै पनि कर्पोरेटहरूको लागि केयर रेटिङ्गस् नेपालले प्रदान गरेको यो अहिलेसम्मकै उच्च रेटिङ्ग हो ।

उक्त रेटिङ्ग/ रेटिङ्गको पुनर्पुष्टिमा बैंकको सबल संस्थापक प्रोफाईल, नेपाल एसबिआई बैंक र स्टेट बैंक अफ ईण्डियाबीचको प्राविधिक सेवा सम्झौता, गुणस्तरीय सम्पत्ति, पर्याप्त पुँजीकरण, निक्षेप तथा कर्जाको निरन्तर वृद्धि आदिको विद्यमानता कारक रहेका छन् ।

१०. प्रविधिगत पहल

प्रविधिका नवीनतम आविष्कार निरन्तर बढ्दै जानु र ग्राहकहरूको अपेक्षामा परिवर्तन आउनुका कारण रिटेल बैंकिङ्ग क्षेत्र व्यापक स्तरमा रुपान्तरित भइरहेको छ । प्रविधिमैत्री र परिवर्तनशील जनसमुदायको डिजिटल आकांक्षाहरू अनुरूप, बैंक पूर्ण रूपमा आधुनिक डिजिटल प्रविधिमा आधारित तथा भविष्यका लागि तयार संस्थाका रूपमा विकसित हुन प्रतिबद्ध छ । बैंक ग्राहकहरुको परिष्कृत अनुभव बमोजिम नवीनतम प्रविधिहरुलाई ग्राहक केन्द्रित तवरबाट अङ्गीकार एवं अनुकूलन गर्न सक्षम भएको छ जसबाट चुस्त प्रतिस्पर्धामा अगाडि रहन सक्ने अवस्था निर्माण भएको छ । समय क्रमसँगै उच्च प्राविधिक क्षमताले संचालन खर्च न्यूनीकरणका साथै स्रोत साधनको उच्चतम उपयोग गर्न सक्षम बनाई प्रक्रियाहरुलाई अझ चुस्त तथा प्रभावकारी बनाउने मार्ग प्रशस्त गर्दछ ।

डिजिटल–प्रथम रूपान्तरण रणनीति

बैंकले स्पष्ट रूपमा निर्धारित अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरूमा आधारित, व्यापक डिजिटल-प्रथम रूपान्तरण रणनीति अपनाएको छ । यस रणनीतिक परिकल्पनाले नेपाल एसबिआई बैंकलाई नेपालको सबैभन्दा विश्वसनीय, ग्राहकहरूसँग गहिरो आबद्धता भएको र डिजिटल माध्यमका लागि पहिलो रोजाइको वित्तीय संस्थाका रूपमा स्थापित गर्दछ, जसमा योनो नेपाल एसबिआई (YONO Nepal SBI) ग्राहक आबद्धता र विस्तारको मुख्य आधारका रूपमा रहनेछ । यस योजनामा तय गरिएका धेरै महत्वपूर्ण लक्ष्यहरू सफलतापूर्वक हासिल गरिसकेको बैंकले बाँकी सबै लक्ष्यहरू पूरा गर्न आवश्यक कार्यहरू निरन्तर अघि बढाइरहेको छ ।

कोर बैंकिङ्ग प्रणाली

नेपाल एसबिआई बैंक लिमिटेडले फिनाकल कोर बैंकिङ्ग सोलुशन सफ्टवेयर प्रयोग गर्दै आएको छ जुन हप्तामा सातै दिन र चौबिसै घण्टा यथा समयमा लेखा प्रशोधन गर्ने प्लेटफर्म हो । यो तहगत सेवामुखी संरचना (Layered Service Oriented Architecture) भएको तथ्याङ्कको तत्काल प्रशोधन (Straight Through Processing) गर्ने क्षमतायुक्त सञ्जालमा आधारित (Web enabled) प्रविधि हो । उक्त प्लेटफर्ममा सुरक्षा व्यवस्था एवं तथ्याङ्क प्रशोधनको गति समेतको आधारमा स्तर उच्च रहेका एसएमएस/मोबाईल बैंकिङ्ग, ईन्टरनेट बैंकिङ्ग र एटिएम कार्ड आदि जस्ता विस्तारित सेवा आवद्ध छन् ।

कार्ड प्रोडक्टहरु

नेपाल एसबिआई बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई विभिन्न किसिमका डेबिट कार्ड सेवाहरु प्रदान गर्दै आएको छ र क्रमिक रुपमा यसका सुरक्षा सम्बन्धी उपायहरुको समेत समय क्रमसँगै स्तरोन्नति गर्दै लगेको छ । बैंकले उपलब्ध गराएका कार्ड प्रोडक्टहरुमा एटिएम तथा डेबिट कार्ड (ATM cum Debit Card), विश्व यात्रा कार्ड एवं इन्स्टा डेबिट कार्ड रहेका छन् र यी कार्डहरु अनलाईन मार्फत किनमेल गर्दा अनधिकृत तवरले प्रयोग हुनबाट जोगाउन सहयोगी हुने सुरक्षाको अतिरिक्त तह अर्थात भिषाबाट प्रमाणित/ मास्टरकार्ड सुरक्षित कोड युक्त रहेका छन् ।

बैंकले ग्रिन पिन (Green PIN) सम्बन्धमा समेत कदम चालेको छ जसबाट बैंकले जारी गरेका डेबिट कार्डका लागि पिन सिर्जना गर्ने सुविधा उपलब्ध हुन्छ । यो सुविधा बैंकको ईन्टरनेट बैंकिङ्गमा समेत उपलब्ध छ । यो सुविधा थप भए पश्चात अब बैंकका कार्डधारकहरुले ईन्टरनेट बैंकिङ्ग मार्फत आफ्नो सुविधा अनुसार आवश्यक परेको बेलामा आफै पिन सिर्जना गर्न सक्दछन् । बैंकले ई-कमर्स कारोबारलाई सहज बनाउन डलर प्रिपेड कार्डहरू पनि जारी गरेको छ ।

अटोमेटेड टेलर मेसिनहरु (एटिएमहरु)

बैंकले ग्राहकहरुलाई व्यवधान रहित तवरले बैंकिङ्ग सेवा प्रदान गर्ने उद्देश्यले देशभरीमा १२६ वटा एटिएमहरु संचालनमा ल्याएको छ । बैंकले आगामी दिनहरुमा बजारको आवश्यकता अनुसार नेपालका अन्य विभिन्न स्थानहरुमा समेत एटिएम संचालनमा ल्याउने योजना बनाएको छ । यस बैंकका एटिएमहरुबाट धेरै विदेशी कार्डधारकहरुले समेत न्यूनतम शुल्कमा सरल रुपमा कारोबार गर्न सक्छन् । हाल बैंकको एटिएमबाट मास्टरकार्ड, भिसाकार्ड र रुपे कार्डबाट कारोबार गर्न सकिन्छ । यसका साथै, ग्राहकहरूलाई थप सहजता प्रदान गर्न बैंकले एटीएमबाट कार्ड प्रयोग नगरीकनै नगद झिक्न सकिने सुविधा पनि उपलब्ध गराएको छ ।

योनो नेपाल एसबिआई / मोबाईल बैंकिङ्ग

बैंकले मोबाईल/एसएमएस बैंकिङ्ग जस्ता आधुनिक प्रविधिमा आधारित बैंकिङ्ग प्रोडक्ट तथा सेवालाई आफ्ना ग्राहक महानुभावहरुको सुविधाका लागि पर्याप्त रुपमा उपलब्ध गराएको छ। बैंकको मोबाइल बैंकिङ सेवा उपयोग गर्दा ग्राहकको अनुभवलाई सहज बनाउने हेतुले उक्त सेवाहरु सुरक्षित एपमा आधारित प्रणालीमा स्तरोन्नति गरिएको छ । नेपाल एसबीआई बैंकले मोबाइल बैंकिङ प्लेटफर्मलाई विस्तारित सेवाका साथ एपमा आधारित प्रणालीमा स्तरोन्नति गरेको छ।

मोबाइल बैंकिङ्गलाई बैंकले योनो नेपाल एसबीआईमा रुपान्तरण गरेको छ। सन् २०२२ फेब्रुअरीमा सञ्चालनमा ल्याइएको योनो नेपाल एसबिआई स्टेट बैंक अफ इन्डियाको उन्नत प्रविधिको उपयोग गरी विकास गरिएको नेपाल एसबीआई बैंकको प्रमुख तथा नवीन डिजिटल सेवा हो। एन्ड्रोइड र आईओएस दुवै प्लेटफर्ममा उपलब्ध यस एपलाई सहज र प्रयोगकर्ता-मैत्री इन्टरफेस सहित बनाइएको छ, जसले ग्राहकहरूलाई विविध बैकिङ्ग, वित्तीय तथा जीवनशैलीका आवश्यकहरूलाई सुरक्षित रूपमा पूरा गर्ने एकल बिन्दु समाधान (one stop solution) प्रदान गर्दछ।

यस एप्लिकेसनमा स्वयं-दर्ता (self-registration) गर्ने, ई-वालेटमा रकम लोड गर्ने, योनो कार्डरहित नगद झिक्ने, डिजिटल लकर बुक गर्ने र ओटीपी (Smart OTP) प्रयोग गर्ने जस्ता विभिन्न उन्नत सुविधाहरू उपलब्ध छन्, जसले ग्राहकहरूलाई चौबीसै घण्टा सहज रूपमा बैंकिङ्ग सेवा प्रयोग गर्न मद्दत गर्छन्। नवीनतम विशेषताहरू निरन्तर थप्दै र आकर्षक छवि कायम राख्दै, योनो नेपाल एसबिआईले ग्राहकहरूको डिजिटल अनुभवलाई उल्लेखनीय रूपमा सुधार गरेको छ र यसले दिगो प्रतिस्पर्धात्मक क्षमता भएको, प्रगतिशील तथा नयाँ पुस्ताको वित्तीय संस्थाका रूपमा बैंकको छविलाई थप सुदृढ बनाएको छ।

बैंकको मोबाईल बैंकिङ्ग/योनो नेपाल एसबिआई सेवामा दर्ता रहेका प्रयोगकर्ताको कुल संख्या २०८३ असार मसान्तमा २४६,९७९ पुगेको छ।

ईन्टरनेट बैंकिङ्ग

